नेपाल सरकार
पाखीबास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**धनकुटा**
**प्रदेश नं. १, नेपाल**

# सिलबन्दी दरभाउ-पत्र आह्वानसम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७५/०९/२२*

यस कार्यालयबाट तपसिलमा उल्लिखित कार्य खरिदप्रक्रियाबाट आपूर्ति गराउनुपर्ने भएकोले इच्छुक इजाजतप्राप्त फर्म, उद्योग, कम्पनी, आधिकारिक बिक्रेता वा सप्लायर्सबाट निम्नानुसारका शर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

**शर्तहरू :**

१. इच्छुक योग्यता पुगेका सिलबन्दी दरभाउ-पत्र दाताले १५औं दिन कार्यालय समयभित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिलबमोजिमको नगदै तिरेको नगदी रसिद साथ २०७५/०७६ को लागि नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा नम्बर र आ.व. २०७४/०७५ को करचुक्ता गरेको प्रमाणपत्र प्रतिलिपि संलग्न राखी दरभाउ-पत्र खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउ-पत्र १६औं दिनको १२:०० बजेभित्र दर्ता गराइसक्नुपर्नेछ । प्राप्त दरभाउ-पत्रहरू सोही दिनको १:०० बजे दरभाउ-पत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउ-पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ-पत्रहरू खोल्न बाधा पर्नेछैन ।

३. अधिकृत बिक्रेताको हकमा निर्माता कम्पनीबाट दिएको अधिकार पत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ ।

४. दरभाउ-पत्रसाथ तपसिलमा उल्लिखित धरौटीबापतको रकम यस कार्यालयको NIC ASIA BANK LTD, शाखा कार्यालय हिलेस्थित धरौटी खाता नं. ८८CA५०२६४७५२४००३ मा नगदै दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको मान्यताप्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बिडबण्ड (Bank Guarantee) पेस गर्नुपर्नेछ ।

५. दरभाउ-पत्र भर्दा प्रत्येक आइटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. रीत नपुगी वा म्याद नाघी आएको सिलबन्दी दरभाउ-पत्रउपर कुनै कारबाही गरिनेछैन ।

७. दर्ता भएका सिलबन्दी दरभाउ-पत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. दरभाउ-पत्र पेस गर्दा पेस गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. वा इमेल स्पष्टसँग लेख्नुपर्नेछ ।

९. दरभाउ-पत्र पेस गर्दा खामको बाहिर माथि पेस गर्ने फर्म, कम्पनीको नाम र कामको विवरण लेखी तल यस कार्यालयको नाम लेख्नुपर्नेछ ।

१०. सप्लाई गर्ने औषधि र औषधिजन्य दरभाउ-पत्रसाथ संलग्न शर्त(नोट)मा उल्लेख भएका शर्तअनुसारका हुनुपर्नेछ ।

११. यससम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन/नियमबमोजिम हुनेछ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याटसहित) | धरौटी रकम | दरभाउ पत्र दस्तुर | खरिद प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | PKMUN/SQ075/76-03 | विभिन्न प्रकारका औषधि र औषधिजन्य सामाग्रीहरु | ८,८३,५६४।५६ | २२,०८९।११ | १,०००।- | दरभाउ-पत्र | भ्याट लाग्नेको हकमा मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**